# नेपालगञ्ज उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश, नेपाल

फोन नं. ०८१ ५२२३५७
०८१ ५२०२४०
०८१ ५२०१११
०८१ ५२०१५१

बि.पि.चोक, बाँके


प.सं. – २०७८/०७९ (रोजगार सेवा केन्द्र)

च.नं. – ३४६६

मिति – २०७८/११/०४

**विषय - बेरोजगार व्यक्ति सूचीकरण गर्ने बारे।**

श्री वडाकार्यालय सबै(१ देखि२३),
नेपालगञ्ज उप-महानगरपालिका कार्यपालिकाको कार्यालय,बाँके।

प्रस्तुत विषयमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत आघामी आर्थिक बर्ष २०७९/०८० का लागि प्रधानमन्त्री रोजगार कार्यक्रममा संलग्न हुनका लागि श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मिति २०७८/१०/२६ को च.नं २४० को पत्र अनुसार मिति २०७८ फागुन महिना भित्र सामाजिक तथा आर्थिक अबसरबाट वन्त्रित बिपन्न् नागरिकलाई सामाजिक सुरक्षा संरक्षण गराउने गरि बेरोजगार व्यक्ति सूचीकरण गर्नुपर्ने भएकाले वडामा स्थायी रुपमा बसोबास गर्ने ईच्छुक बेरोजगार व्यक्तिको निवेदन आह्वान, दर्ता तथा छानविन गरी रोजगार सेवा केन्द्रमां पठाईदिनुहुन अनुरोध छ।

<u>निवेदन दिदा ध्यान दिनुपर्ने कुराहरु-</u>

१) पुर्ण विवरण ( पारिवारिक विवरण समेत) नभरिएका निवेदक मान्य हुने छैन।

२) गरिब तथा सामान्य जीवनयापन जोखिममा परेका वर्गलाई विषेश प्राथमिकता राखी न्यूनतम रोजगारीमा संलग्न गराउने गरी यथार्थपरक र पूर्ण विवरण पहिचान गर्नुपर्ने।

३) नागरिकताको प्रस्ट प्रतिलिपि साथै नागरिकतामा स्थायी बसोबास अन्यत्र देखिएमा स्थायी बसोबासकोन प्रमाण खुल्ने कागजात समाबेस गर्नुपर्ने।

४)अपाङ्गता तथा बैदेशिक रोजगारीको विवरण भरेको भए प्रमाण खुल्ने कागजात समावेश गर्नुपर्ने।

५) १८-५९ उमेर समूहका व्यक्ति हुनुपर्ने।

६) सम्पूर्ण निवेदन वडा समिति मार्फत छानविन गराई विपन्न नागरिकलाई प्राथमिकता राख्नु पर्ने छ र झुटा र अपूर्ण निवेदन खारेज गर्नुपर्ने

नोटः-निवेदकले भने अनुसारका सम्पूर्ण विवरण अनिवार्य रुपमा भर्नुपर्ने छ । यदि निवेदन अपूर्ण वा झुटो भएमा रोजगार सेवा केन्द्रले स्वीकृत गर्न बाध्य हुने छैन । साथै विस्तृत जानकारिका लागी सम्पर्क नं ९८२६५४८६४१/९८६६९४५२०६ मा सम्पर्क गर्न सकिने छ र यसैपत्र साथ बेरोजगार दर्ता फारम पनि समावेश गरिएको तथा बेरोजगार दर्ता फारम ~~www.nepalgunj.gov.np~~ www.nepalgunjmun.gov.np को वेबसाईट द्वारा उपलब्ध गर्न सकिनेछ।

प्रमुख प्रशासकिय अधिकृत
जगत बहादुर बस्नेत

जगत बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत